# गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौं

## ४० के.भी.ए. को यूपीएस (ब्याट्री सहित) खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना नं. ०२।०७७।७८**

**प्रथमपटक प्रकाशित मिति : २०७७/११/०५ गते**

यस संस्थानको केन्द्रीय कार्यालय धर्मपथ काठमाडौँलाई सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको स्पेसिफिकेसन बमोजिमको ४० के.भी.ए. को यूपीएस (ब्याट्री सहित) (*UPS, 40 KVA*) आवश्यक परेकोले सो सामान डोर डेलिभरी मूल्यमा सप्लाई गर्न चाहने इच्छुक रजिस्टर्ड फर्म वा कम्पनीहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र पेस गर्नका लागि संस्थानबाट बिक्री हुने दरभाउपत्र फाराम रु.१,०००।- (एक हजार फिर्ता नहुने गरी) तिरी संस्थानको खरिद शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्रसाथ तपसिलमा उल्लेख भएको रकम (बिड सेक्युरिटी) बापत यस संस्थानको नेपाल बैंक लिमिटेड धर्मपथ, काठमाडौं अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको सक्कल भौचर वा संस्थानको नाममा जम्मा गरेको १२० दिन बराबरको “क” श्रेणीको बैंकको जमानतपत्र पेस गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र प्रथमपटक प्रकाशित भएको मितिले १६ दिनभित्र अर्थात् मिति २०७७/११/२० गते दिनको १२:०० बजेभित्र सिलबन्दी गरी खामको बाहिर ४० के.भी.ए. को युपीएस (ब्याट्री सहित) सम्बन्धी सिलबन्दी दरभाउपत्र भनी श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं उल्लेख गरी यस संस्थानमा दर्ता गरी बुझाउनुपर्नेछ । दरभाउपत्र बुझाउने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा सो कार्य त्यसको भोलिपल्ट हुनेछ ।

४. इजाजत प्राप्त सप्लायर्स र फर्महरूले आफूले सामान उत्पादन गर्ने कम्पनी, ब्रान्ड र Manufacture Authorization Letter समेत पेस गर्नुपर्नेछ ।

५. दरभाउपत्रमा कबोल गरेको रकम (भ्याट बाहेक) भनी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्रदाताले दरभाउपत्रको साथमा फर्म दर्ताको प्रमाणपत्र, आयकर, मूल्य अभिवृद्धि कर नवीकरण समेत भएको प्रमाणित प्रतिलिपि संलग्न राखी लाहाछाप लगाई बुझाउनुपर्नेछ । साथै आ.व. ०७६/०७७ सम्मको कर चुक्ताको प्रमाणपत्र समेत पेस गर्नुपर्नेछ ।

७. प्राप्त दरभाउपत्रहरू सूचना अवधिको अन्तिम दिन अर्थात् २०७७/११/२० गते दिउँसो १:०० बजे संस्थानको बैठक कक्षमा दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ । उपस्थित प्रतिनिधि अख्तियारनामा सहित उपस्थित हुनुपर्नेछ ।

८. माथि जुनसुकै कुरा लेखिएको भए तापनि दरभाउपत्रदातालाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानसँग सुरक्षित रहनेछ ।

९. स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्रमा संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ । उक्त म्यादभित्र उपस्थित नभएमा वा सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी सामान खरिद गर्न अर्को व्यवस्था गरिनेछ । सम्झौता भएको मितिले ३० दिनभित्र सामान आपूर्ति गरिसक्नुपर्नेछ ।

१०. दरभाउपत्र स्वीकृत भई दरभाउपत्रदाताले दिएको सामान संस्थानले माग गरे अनुसारको नभएमा सो सामान संस्थानले दरभाउपत्रदातालाई फिर्ता गर्न सक्नेछ ।

११. स्वीकृत दरभाउपत्रदाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सामान नबुझाएमा संस्थानले सम्झौता भङ्ग गरी धरौटी रकम जफत गर्नेछ । यसरी सामान उपलब्ध गर्दा सम्झौता गरिएको भन्दा जे जति बढी पर्दछ सो बढी रकम दरभाउपत्रदातासँग असुलउपर गरिनेछ ।

१२. दरभाउपत्रदाताले यस संस्थानबाट बिक्री गरेको दरभाउपत्र फाराममा मूल्य सूची, बोलपत्र जमानत, कार्य सम्पन्न आपूर्ति समय तालिका प्रस्टसँग उल्लेख गर्नुपर्नेछ ।

१३. दरभाउपत्रदाताले आफू कालोसूचीमा नपरेको स्वः घोषित घोषणापत्र पेस गर्नुपर्नेछ ।

१४. यस सूचनामा नपरेका अन्य विषयमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

### सिलबन्दी दरभाउपत्रको विवरण

| सि.नं. | सामानको विवरण | परिमाण | पेस गर्नुपर्ने जमानत रकम | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | यूपीएस ४० के.भी.ए. (ब्याट्री सहित) (*UPS, 40 KVA*) | १ (एक) थान | रु.४०,०००/- (चालीस हजार) | रु.१,०००/- (एक हजार) |

**नोट** : यो सूचना गोरखापत्र संस्थानको वेबसाइट www.gorkhapatra.org.np मा पनि हेर्न सकिनेछ ।

**गोरखापत्र संस्थान, धर्मपथ काठमाडौँ**
**खरिद शाखा**
**फोन नं.४२४४४३७**